# सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
# Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY

सिद्धार्थ प्रिमियर भवन, बबरमहल, काठमाडौं सम्पर्क नं. : ९७७-०१-५७०५७६६, ५७०७१९०, ५७०५४४७
पोष्ट बक्स नं. : २४८७६ Email : siddharthapremier@spil.com.np
https://siddharthapremier.com.np/

## तीसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०८० साल माघ २९ गते (१२ फेब्रुअरी, २०२४) सोमवारका दिन बसेको सञ्चालक समितिको २० औं बैठकको निर्णयानुसार यस कम्पनीको ३० औं (तीसौं) वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

- मिति : २०८० साल फाल्गुन ३० गते (तद्नुसार १३ मार्च, २०२४) बुधवार
- समय : बिहान ११:०० बजे
- स्थान : लिसारा रिसेप्सन, भगवती बहाल, काठमाण्डौ ।

**छलफलका विषयहरु**

क. सामान्य प्रस्ताव :

१. सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. साविक सिद्धार्थ इन्स्योरेन्स लि.को आ.व.२०७९/०८० को २०७९ फाल्गुन १६ गते सम्मको वासलात,नाफा-नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह सहितको वित्तीय विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० को वासलात ,नाफा-नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह सहितको विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु छलफल गरी पारित गर्ने ।

४. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व.२०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गरी , निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजी रु. २,८०,६५,४९,९००/- को ११ प्रतिशतले हुन आउने रकम रु.३०,८७,२०,४८९/- नगद लाभांश (प्रस्तावित नगद लाभांशमा लाग्ने कर समेत) स्वीकृत गर्ने ।

**ख. विशेष प्रस्ताव :**

१. प्रवन्ध पत्रको दफा १ को (ख) मा रहेको रजिष्टर्ड कार्यालयको ठेगाना संशोधन गर्ने ।

२. नियमावलीको नियम २ मा रहेको रजिष्टर्ड कार्यालयको ठेगाना संशोधन गर्ने ।

३. संशोधित प्रवन्ध पत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी दिने ।

ग. सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको समूहको तर्फवाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको समूहको तर्फवाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

घ. विविध ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८० साल फाल्गुन ११ गते शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) गरिनेछ ।

२. २०८० साल फाल्गुन १० गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भएका शेयरहरु साधारण सभा तथा नगद लाभांश प्रयोजनको लागि योग्य रहने छन् ।

३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालय सिद्धार्थ प्रिमियर भवन, बबरमहलमा दर्ता गराई सक्नु पर्नेछ ।

४. सञ्चालक समितिमा सस्थापक शेयरधनीहरुको समुहको तर्फवाट प्रतिनिधित्व गर्ने ४ (चार) जना र सर्वसाधारण शेयरधनीहरुको समुहको तर्फवाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन सम्वन्धि कार्यक्रम निर्वाचन अधिकृतले मिती २०८० फाल्गुन १८ गते निर्वाचन अधिकृतको मुकाम रहेको सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडको मुख्य कार्यालय सिद्धार्थ प्रिमियर भवन, बबरमहलमा प्रकाशित गरे बमोजिम हुनेछ ।

५. आ.व.२०७९/०८० को वार्षिक प्रतिवेदन तथा वित्तीय विवरण कम्पनीको वेवसाईट www.siddharthapremier.com.np मा पनि राखिएको छ ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**